प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

☎ : ०६१-४६७९१४
☎ : ०६१-४६७९१४
फ्याक्स : ०६१-४६७९१४

सूचना प्रकाशन मिति: २०७८/०१/०४

## गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको कार्यकारी निर्देशक छनौट गर्ने प्रयोजनका लागि रोष्टरमा नाम समावेश गर्ने सम्बन्धी सूचना !!!

गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणिकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरुपको मानव संशाधन विकास गर्ने उद्देश्यले स्थापित गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सिफारिस प्रयोजनका लागि रोष्टरमा नाम समावेश गराउन चाहनुहुने इच्छुक उमेद्वारहरुले सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयभित्र तोकिए बमोजिमका कागजात सहित यस मन्त्रालयमा रोष्टरमा नाम समावेश गर्न निवेदन पेश गर्नुहुन अनुरोध छ ।

१. योग्यता

क) नेपाली नागरिक

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट विज्ञान, व्यवस्थापन, ईञ्जिनियरीङ, स्वास्थ्य, कृषि, पर्यटनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्रको व्यवस्थापकीय क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको,

ग) ६५ वर्ष उमेर ननाघेको,

घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको,

ङ) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,

च) गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानसँग कुनै स्वार्थ नबाझिएको ।

२. पेश गर्नुपर्ने कागजातहरु:

क) नेपाली नागरिकताको प्रतिलिपी

ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरु

ग) सम्बन्धित क्षेत्रमा अनुभव हासिल गरेको व्यहोरा खुल्ने कागजात

प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

: ०६१-४६७९१४
: ०६१-४६७९१४
: ०६१-४६७९१४

घ) व्यक्तिगत विवरण (Curriculum vitae)

ङ) देहायका विषयवस्तुहरु समेटिएको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको दीर्घकालीन सोच सहितको पाँच हजार शव्दसम्मको व्यावसायिक कार्ययोजना

अ) शैक्षिक विकास,

आ) पाठ्यक्रम र बजारको सम्बन्ध

इ) पूर्वाधार विकास

ई) प्रशासनिक व्यवस्थापन

उ) स्रोत साधनको परिचालन

ऊ) समन्वय र सहकार्य

३. विद्युतिय प्रति पेश गर्नुपर्नेः इच्छुक उम्मेदवारले देहायको इमेल ठेगानामा व्यक्तिगत विवरण र व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेछ। ministrysocialdevpkr@gmail.com र mosdgedu@gmail.com

४. सम्पर्क व्यक्तिः प्रस्तुत विषयमा थप जानकारी आवश्यक भएमा समाजिक विकास मन्त्रालयका उपसचिव श्री तोयनाथ लम्साल (९८५६०३६७५०) सँग सम्पर्क राख्न सकिनेछ।